धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३४७ ◆ २०८३ असार १९ गते शुक्रबार, Friday, July 3, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## एउटै वडाका ६० घर पहिरोको जोखिममा

पाँचथर । अविरल वर्षासँगै पहिरो जाँदा पाँचथरको हिलिहाङ गाउँपालिकाको एउटै वडाका ६० घर जोखिममा परेका छन् । यही असार ४ र ५ गते अत्यधिक वर्षा भएपछि हिलिहाङ-५ सुभाङको बस्ती पहिरोको जोखिममा परेको हो ।

पहिरोले घर भत्काएपछि मालबासे टोलका दुर्गामणि खुदाङ, शर्णकुमार केरुङ, गजवीर खुदाङ र हेमकुमार पदालुङको परिवार विस्थापित भएको छ । उनीहरुलाई अन्यत्र बसोबासको व्यवस्था गरी राहत वितरण गरिएको वडाध्यक्ष बिर्खबहादुर सुहाङले जानकारी दिनुभयो । यस्तै नगेन्द्र ओझा, गोपाल गजमेर, किरण खुदाङ र सुष्मा माबोको परिवार पनि पहिरोका कारण विस्थापित भएको छ ।

पहिरोका कारण यहाँ रहेको मृदङ्ग झरना विद्यालयसमेत जोखिममा छ । बाढी पहिरोका कारण यस वडाका सबै सडक क्षतिग्रस्त बनेका छन् । खानेपानीका योजनासमेत अवरुद्ध भएका छन् । मुहानमा क्षति पुग्दा ६ सिंचाइ योजना र पाँच खानेपानी योजना अवरुद्ध छन् । हिलिहाङ गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा विपद्‌बाट क्षतिग्रस्त संरचनाको मर्मत तथा पुनर्निर्माणका लागि कार्यक्रम तय गरेको गाउँपालिकाका अध्यक्ष समरबहादुर अधिकारीले बताउनुभयो ।

यसैगरी बाढी पहिरोले अलैँची खेतीमा क्षति पुऱ्याउँदा कृषक मारमा परेका छन् ।

बालीनाली तथा खेतीयोग्य जमिनमा पुगेको क्षतिको विवरण सङ्कलन भइरहेको वडाध्यक्ष सुहाङले बताउनुभयो ।

## बर्दियाबाट सुरु भयो लालपुर्जा वितरण अभियान

काठमाडौँ । भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बिहीबारदेखि बर्दियाबाट जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा) वितरण अभियान सुरु गरेको छ । बर्दियाको बढैयाताल गाउँपालिका-४ का २९ जना भूमिहीन दलित तथा भूमिहीन सुकुमवासी परिवारलाई लालपुर्जा उपलब्ध गराइएको हो । भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या दीर्घकालीन रूपमा समाधान गर्दै उनीहरूलाई कानुनी रूपमा जग्गाधनी बनाउने सरकारको लक्ष्यअनुसार लालपुर्जा वितरणलाई थप प्रभावकारी रूपमा अघि बढाइने भूमि व्यवस्था मन्त्रालयले जनाएको छ ।

मन्त्री प्रतिभा रावलले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधानलाई सरकारले उच्च प्राथमिकता मा राखेको बताउनुभएको छ ।

उहाँले बर्दियाबाट सुरु भएको लालपुर्जा वितरणलाई क्रमशः देशभर विस्तार गर्दै वास्तविक भूमिहीन नागरिकलाई जग्गाको कानुनी स्वामित्व दिलाइने बताउनुभयो ।

## अन्तरप्रदेश चल्ने सार्वजनिक यातायातको भाडा दुई प्रतिशते घट्यो

काठमाडौँ । यातायात व्यवस्था विभागले गत असार १७ गते मध्यरातिदेखि पेट्रोलियम पदार्थको मूल्य घटेसँगै अन्तरप्रदेश चल्ने सार्वजनिक तथा मालवाहक सवारीसाधनको भाडादर बिहीबारदेखि नै लागू हुनेगरी दुई प्रतिशतले घटाएको छ ।

विभागले बिहीबार सार्वजनिक सूचना जारी गर्दै सार्वजनिक यातायात तथा मालवाहक सवारीसाधनको भाडा दुई प्रतिशतले घटाइएको हो ।

विभागले पछिल्लो पटक भाडादर समायोजन गर्दा भएको डिजेलको औसत मूल्य प्रतिलिटर २३५ रुपैयाँ ८३ पैसा रहेको थियो भने गत असार १७ गतेदेखि भने १९३ रुपैयाँ ८३ कायम भएकाले स्वचालित प्रणालीअनुसार नयाँ भाडा समायोजन गरिएको जनाएको छ ।

विसं २०८३ वैशाख १२ गतेको मन्त्रिस्तरको निर्णयअनुसार सार्वजनिक तथा मालवाहक सवारीसाधनको भाडा पाँच प्रतिशतले वृद्धि गरेको थियो । नेपाल राष्ट्रिय यातायात व्यवसायी महासङ्घका अध्यक्ष पुण्यप्रसाद सिटौला (सरोज)ले विभागले सार्वजनिक यातायात र मालवाहक सवारीसाधनको भाडा दुई प्रतिशतले घटाएको बताउनुभयो ।

## जुम्ला सिँचाइ कार्यालयमा कर्मचारी अभाव

जुम्ला । जुम्ला सिँचाइ कार्यालयमा दर बन्दीअनुसारको कर्मचारी नहुँदा सेवा प्रवाहमा समस्या हुँदै आएको छ ।

कार्यालयमा प्रविधिक कर्मचारीको दरबन्दीअनुसारका लामो समयसम्म पदपूर्ति हुन नसक्दा कार्यालयको सेवा प्रवाहमा समस्या भएको कार्यालय प्रमुख अङ्गलबहादुर महतले जानकारी दिनुभयो ।

कार्यालयमा २१ दरबन्दीमध्ये अहिलेसम्म ११ वटा पदपूर्ति भएको छ । अझै १० वटा पदपूर्ति हुन सकेको छैन । दरबन्दीअनुसार कर्मचारी हुनुपर्ने भए पनि हालसम्म पदपूर्ति हुन नसकेको कार्यालय प्रमुख महतको भनाइ छ । दरबन्दीअनुसार



अधिकृत छैटौं इन्जिनियर दुई, सव-इन्जिनियर पाँचौं तीन, प्रविधिक सहायक चौथो तीन र ऊर्जा प्रविधिक दुई जना कर्मचारी रिक्त रहेका छन् ।

कर्मचारी अभाव हुँदा सेवा प्रवाहमा ढिलासुस्ती र जनताको गुनासो आउने गरेको प्रमुखले बताउनुभयो ।

# बागमती प्रदेशसभा बैठकमा छलफल प्रारम्भ

*प्रत्यूष समाचारदाता*

मकवानपुर । बागमती प्रदेशसभामा बिहीबार बसेको बैठकमा प्रदेश विनियोजन विधेयक २०८३ को विभिन्न शीर्षक अन्तर्गत विषयगत विभिन्न मन्त्रालयको समूहीकृत छलफल प्रारम्भ भएको छ ।

सो बैठकमा विषयगत मन्त्रालयको शीर्षकमा प्रदेशसभाका सत्तापक्ष तथा प्रतिपक्ष दलका प्रदेशसभा सदस्यसमेत गरी १९ जना छलफलमा सहभागी हुनुहुन्थ्यो ।

उक्त बैठकमा सत्तापक्षका सदस्यले प्रदेश सरकारले आव २०८३/८४ को बजेट अघिल्लो आव तुलनामा बजेट जनमुखी, जवाफदेही, पारदर्शी रहेकाले भौतिक पूर्वाधार संरचनाको मोडेलमा परिवर्तन गर्न आवश्यक रहेको बताउनुभयो । बैठकमा प्रतिपक्षदल, सदस्यले प्रदेशसभाका सदस्यसँग प्रदेश सरकारले विभिन्न योजनासहित बहुवर्षीय योजना समावेश गर्ने भनी गरिएको सिफारिसबमोजिम योजना घटाइएकाले चिन्ता व्यक्त गर्नुभयो । उहाँले प्रदेशको काठमाडौँ उपत्यका बाहेक अन्य क्षेत्रका १० जिल्लाका विपन्न समुदायको स्वास्थ्योपचारका लागि प्रादेशिक अस्पतालमा स्तरोन्नति गर्नुपर्ने र कृषि उत्पादनका लागि नयाँ प्रविधिको प्रयोग गर्ने तथा कृषक मलखाद समयमा उपलब्ध गराउनुपर्ने जोड दिनुभयो । उहाँहरुले भीमफेदीबाट काठमाडौँतर्फ जोड्ने सुरुङमार्गको निर्माणका लागि प्रदेश सरकारले क्रमिक बहुवर्षीय योजना कार्यान्वयन गर्दै लैजान सुझाव दिनुभयो ।

त्यसैगरी, उहाँहरुले सो बैठकमा प्रशासनिक खर्च घटाएर पुँजीगत खर्च गर्ने मापदण्ड तयार गरेर लागू गर्ने सरकारले नीतिलाई अघि बढाउनुपर्ने आग्रह गर्नुभयो । सो बैठकमा प्रदेशसभाका सदस्यहरु क्रमशः युवराज चौलागाई, श्रीराम लामिछाने, केशवप्रसाद पोखरेल, रामचन्द्र ढुङ्गाना, गीता काफ्ले, मदुकुमार श्रेष्ठ, ईश्वर सापकोटा, आनन्दकुमार श्रेष्ठ, यमुनादेवी श्रेष्ठ, कृष्णप्रसाद शर्मा खनाल, रामेश्वर श्रेष्ठ र सिर्जना सैँजुले विनियोजना विधेयकमाथि छलफलमा सहभागी हुनुहुन्थ्यो । यसैगरी प्रदेश सभासदस्य क्रमशः डम्बर तामाङ, भारतीय पाठक, नुरज बज्राचार्य गङ्गानारायण श्रेष्ठ, कुमारी तामाङ, सरल सहयात्री पौडेल, सुरेन्द्र राज गोरखाईले उक्त छलफल माथि आ-आफ्नो सुझाव दिनुभएको थियो । प्रदेशसभाका उपसभामुख अप्सरा चापागाईंले अर्को बैठक आज असार १९ गते बिहान ११ बजे बस्नेगरी बिहीबारको बैठक स्थगित गर्नुभयो ।

## नागर्जुन क्षेत्रमा ४६ मिलिमिटर वर्षा

काठमाडौँ । आज काठमाडौँसहित विभिन्न जिल्लामा भारी वर्षा भएको छ । पछिल्लो २४ घण्टामा सबैभन्दा बढी कञ्चनपुरको दोधारा-चाँदनीमा १७५ मिलिमिटर वर्षा भएको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार पछिल्लो अभिलेखअनुसार कञ्चनपुर पछि कपिलवस्तुमा ११८ मिलिमिटर वर्षा भएको छ । काठमाडौँमा पनि भारी नजिक वर्षा भएको छ । विभागका अनुसार काठमाडौँको नागर्जुन क्षेत्रमा ४६ दशमलव दुई मिलिमिटर वर्षा भएको छ । ललितपुर र भक्तपुरमा भने मध्यम मात्रै वर्षा भएको विभागका सूचना अधिकारी दिनकर कायस्थले जानकारी दिनुभयो । उहाँका अनुसार कास्की र दाङमा पनि भारी वर्षा भएको छ । काठमाडौँमा भएको वर्षाका कारण कतिपय ठाउँ जलमग्न भएका छन् ।

# स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन विधेयक पारित

*प्रत्यूष समाचारदाता*

काठमाडौँ । प्रतिनिधिसभाको बिहीबारको बैठकबाट 'स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८३' पारित भएको छ । अध्यादेशलाई विस्थापन गर्न ल्याइएको उक्त विधेयकमाथि को दफाबार छलफल र सम्बन्धित मन्त्रीको जवाफपछि निर्णयार्थ प्रस्तुत हुँदा विधेयक बहुमतले पारित भएको हो ।

स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले विधेयकलाई पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । त्यसअघि मन्त्री मेहताले छलफलमा सदनमा उठेका प्रश्नमाथि जवाफ दिँदै सरकारले अघि सारेको १०० बुँदे सुधारको कार्यसूचीबमोजिम स्वास्थ्य क्षेत्रमा सुधार हुँदै आएको बताउनुभयो । उहाँले विपन्न वर्ग पैसा नभएकै कारण उपचारबाट वञ्चित हुन नपरोस् भनेर १० प्रतिशत शय्या व्यवस्था गरिएको स्पष्ट गर्नुभयो ।

विधेयकमाथि संशोधनकर्ता सांसदहरू आरेन राई, निशा डाँगी, खड्ग शाही, सीता थपलिया, प्रमिलाकुमारी गच्छदार, कमल सुवेदी, रमेश मल्ल, साजिदा खातुन सिद्धकी, कृपाराम रानालगायतले छलफलमा भाग लिनुभयो ।

छलफलमा सांसदहरूले उक्त विधेयकले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानभित्र रहेका समस्यालाई सम्बोधन नगरेको तथा पदाधिकारीलाई प्राथमिकता दिएकाले विद्यमान समस्या समाधान हुने गरी संशोधन गर्न आग्रह गर्नुभयो । छलफलका क्रममा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की सांसद डा तोसिमा कार्कीले विगतमा बहाल रहेका स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारीलाई 'भाइरस' को सङ्ज्ञा दिएको भन्दै नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का रमेश मल्ल र नेपाल कम्युनिष्ट पार्टी (एमाले) का ऐनबहादुर महरले नियमापत्ति जनाउनुभयो ।

सो नियमापत्तिपछि सभामुख डोलप्रसाद अर्यालले त्यसबारे आफ्नो ध्यानाकर्षण भएको जनाउँदै यस विषयमा छानबिन गर्न सचिवालयलाई आदेश दिनुभयो । प्रतिनिधिसभाको अर्को बैठक यही असार २२ गते सोमबार बिहान ११:०० बजे बस्नेछ ।

## गुन्जिन छाडे असारे भाका

तानसेन । असार महिना 'माना रोपेर मुरी उब्जाउने समय' हो । असार १५ सँगै किसान रोपाइँमा जुटिरहेका छन् । तर पहिला जस्तो रोपाइँमा असारे भाकाको रौनक भने छैन् ।

"असारको मध्य भए पनि खेतमा असारे भाकाको कुनै रौनक छैनक", पाल्पाको तिनाउ गाउँपालिकाकी सङ्गीता सारुले भन्नुभयो, "रोपाइँमा असारे गीतहरू पनि गाइन छाड्यो ।" युवा रोपाहारले गीत गाउन छाडेपछि गीत लोप हुने अवस्थामा पुगेको उहाँको अनुभव छ ।

बुढापाकाले असारमा रोपाइँको दिनलाई वर्णन गरेको जस्तो उल्लास नभएको तिनाउकी मीना बगालेले बताउनुभयो । "आजकालको खल्लो असारे रोपाइँ देखेर बाबुआमाले पनि गुनासो गर्नुहुन्छ", उहाँले भन्नुभयो, "पहिले हाम्रो पालामा रमाइलो हुन्थ्यो भन्नुहुन्छ । तर, हामीले त्यसलाई अनुभव गर्न पाएनौँ ।"

बाल्यकालमा खेतका रोपाहार र हलीलाई पानी पुर्याउन आमासँगै माइत माडीफाँटमा जाने गर्नुभएकी सोही ठाउँकी मञ्जु पौडेलले ती दिन अझै सम्झनुहुन्छ । "रोपाइँमा छतरी ओडेर असारे गीत गाएको सुन्दा निकै रमाइलो लाग्थ्यो", उहाँले भन्नुभयो, "विवाह गरेर आएपछि घरतिर रोपाइँका क्रममा खासै असारे गीत सुन्न पाइन् ।"

बाल्यकाललाई सम्झँदै उहाँले असारे गीत गुनगुनाउनुभयो-

'छुपुमा छुपु हिलोमा धान रोपेरै छोडौँला
बनाई कुलो लगाई पानी आएर गोडौँला ।
'असारे मासको दलदले हिलो छुनलाई घिन लाग्यो,
पातली नानीलाई फरिया किन्दा छ बिस ऋण लाग्यो'

तानसेन दमकडाकी ७० वर्षीया भुनु नेपाललाई पहिले धान रोपाइँ गर्दा गाएका गीतहरू अहिले याद आउँछ । आफैँले पनि नाच्ने, गाउने र रमाइलो गर्ने गरेको उहाँ सम्झनुहुन्छ । "उहिले मनोरञ्जनका साधन केही थिएनन्", उहाँले भन्नुभयो, "त्यही भएर केटाकेटी, अधबैंसे, बूढापाका सबै यस्तै गीत गाएर रमाइलो गर्थे ।"

हिलोमा छुपछुपु खेल्दै, धान रोप्दै अनि दहीचिउरा खाँदै रोपाइँको याममा रमाइलो गर्ने गरेको नेपालले स्मरण गर्नुभयो । पुराना दिनहरू सम्झँदै उहाँले भन्नुभयो, "खेतको आलीमा सबैजना बस्थ्यौं, घरबाट ल्याइएको दहीचिउरालाई नागनागिनी र देवतालाई चढाएर खाने गरिन्थ्यो । धान रोपेर थकित भएपछि खेतको डिलमा बसी आलुको अचारसँगै दहीचिउरा खाँदै लय हालेर असारे गीत गाउँदाको रौनक निकै रमाइलो हुन्थ्यो ।"

हिजोआज भने पुराना भाकाहरू सुन्न छोडिएको नेपाल बताउनुभयो ।

## सम्पादकीय ....

### सुशासनमा ध्यान

सहकारी सफल हुनुको आधार केवल राम्रो कानुन होइन । सदस्यको सक्रिय सहभागिता, व्यावसायिक व्यवस्थापन, प्रभावकारी आन्तरिक नियन्त्रण, पारदर्शी सूचनाप्रणाली र जोखिममा आधारित नियमनको सन्तुलित संयोजनले मात्र सहकारीलाई दीर्घकालीन रूपमा सफल बनाउँछ। सामाजिक उद्देश्य र वित्तीय अनुशासनलाई सँगसँगै अघि बढाउन सकेका देशले सहकारीलाई राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारका रूपमा विकास गरेका छन् । नेपालका लागि पनि यही अनुभव सबैभन्दा उपयोगी पाठ हो ।

अबको सुधार केही व्यक्ति परिवर्तन गरेर वा केही संस्था बन्द गरेर मात्र सम्भव हुँदैन । यसका लागि प्रणालीगत सुधार आवश्यक छ। सबैभन्दा पहिले सहकारीको मूल उद्देश्य पुनः स्पष्ट हुनु पर्छ । सहकारीलाई बचत सङ्कलन गर्ने संस्थामा मात्र सीमित नराखी उत्पादन, उद्यम, कृषि, बजार व्यवस्थापन र स्थानीय आर्थिक विकाससँग पुनः जोड्नु पर्छ। सदस्यको आर्थिक हितलाई केन्द्रमा राख्ने मूल अवधारणालाई व्यवहारमा पुनः स्थापित गर्नु पर्छ। त्यसै गरी संस्थागत सुशासनलाई थप सुदृढ बनाउनु पर्छ। सञ्चालक समिति र व्यवस्थापनबिच स्पष्ट भूमिका विभाजन हुनु पर्छ । सञ्चालकले नीतिगत नेतृत्व दिने र व्यवस्थापनले व्यावसायिक रूपमा संस्था सञ्चालन गर्ने संस्कृतिलाई संस्थागत गर्नु पर्छ । सञ्चालकको क्षमता, नैतिक आचरण र उत्तरदायित्वलाई पनि सहकारी सुशासनको अनिवार्य आधारका रूपमा स्थापित गर्नुपर्ने आवश्यकता छ ।

नियमनलाई पनि परम्परागत निरीक्षणमा सीमित राखेर पुग्दैन। कारोबारको आकार, जोखिमको प्रकृति र संस्थागत अवस्थाका आधारमा जोखिममा आधारित सुपरिवेक्षण प्रणाली विकास गर्नु पर्छ। सूचना प्रविधिको प्रयोग, वास्तविक समयको वित्तीय प्रतिवेदन, प्रारम्भिक चेतावनी प्रणाली र तथ्यमा आधारित नियामकीय निर्णयले पारदर्शिता र उत्तरदायित्व दुवैलाई सुदृढ बनाउन सक्छन् । नेपालमा सहकारीसम्बन्धी अधिकांश बहस सरकार, नियामक निकाय, सञ्चालक समिति वा व्यवस्थापनको भूमिकामै केन्द्रित हुने गरेको छ तर एउटा पक्ष भने अपेक्षाकृत कम चर्चामा आउँछ । सहकारीमा बचत गर्ने व्यक्ति बैङ्कको ग्राहक जस्तो मात्र हुँदैन; ऊ संस्थाको सेयरधनी, मालिक र अन्तिम निर्णयकर्ता पनि हो ।

सहकारीको सफलता वा असफलतामा सदस्यको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ। सदस्यले संस्थामा बचत जम्मा गरेर ब्याज पर्खने मात्र होइन, संस्थाको दीर्घकालीन स्वास्थ्यप्रति निरन्तर चासो राख्नु जरुरी छ ।

पाँचौं- सहकारीको मूल उद्देश्य सदस्य सेवा हो कि केवल बचत सङ्कलन भन्ने विषयमा निरन्तर चासो राख्ने । छैटौं- संस्थाले कानुनी व्यवस्था, लेखा परीक्षण र पारदर्शिताको न्यूनतम मापदण्ड पालना गरेको छ कि छैन भन्ने विषयमा जानकारी राख्ने । सातौं- आफ्ना अधिकारसँगै जिम्मेवारीप्रति पनि सचेत रहने। सहकारीमा मालिक हुनु भनेको केवल लाभांशको अपेक्षा गर्नु होइन; संस्थाको दीर्घकालीन हितको संरक्षण गर्नु पनि हो । निष्क्रिय सदस्य भएको सहकारीमा सुशासन दीर्घकालीन रूपमा टिक्न सक्दैन ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## सरकारका १०० दिन: सुशासनका लागि सम्पत्ति छानबिन र विचौलिया राजको अन्त्य



**अशोक घिमिर**

सुशासनलाई समृद्ध नेपालको आधार-शीला ठानेको वर्तमान सरकारले कानुनी शासन, प्रशासनिक तथा नीतिगत सुधार, सुरक्षाकर्मीको मनोबल अभिवृद्धि र 'विचौलिया' राज अन्त्यका लागि महत्वपूर्ण प्रयासको थालनी गरेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता वालेन्द्र शाहको नेतृत्वमा गठन भएको करिब दुई तिहाइ बहुमतको वर्तमान सरकारले पछिल्लो एक सय दिनमा भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता, आर्थिक पुनरुत्थान र सामाजिक उन्नतिलाई अभियानकै रुपमा अघि बढाएको छ । सरकार गठनलगत्तै जारी शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची कार्यान्वयन भई राष्ट्र र नागरिकले त्यसबाट लाभ पाउन थालिसकेका छन् ।

गत चैत ३० देखि वैशाख ७ गतेसम्म 'शून्य फाइल सप्ताह' अभियान सञ्चालन गरेर सरकारले तीनै तहका सरकारी निकायबाट वर्षौंदेखि फछ्र्योट हुन नसकेका फाइलहरु एकै 'झड्का'मा टुङ्गोमा पुर्‍याएको थियो । अहिले लामो समयदेखि राजनीतिक आडमा 'मिल्काइ एका' विभिन्न 'काण्ड' सँग सम्बन्धित फाइलहरु धमाधम खुलिरहेका छन्। गृहमन्त्री सुधन गुरुङले दोस्रो पटक पदबहालीका क्रममा २०५८ साल जेठ १९ गते नारायणहिटी राजदरबारमा भएको 'हत्याकाण्ड'का बारेमा अनुसन्धान गर्ने उद्घोष गर्नुभएको छ ।

नेपाल प्रहरीले पछिल्लो तीन महिनामा सरकारको नियन्त्रणमा रहेको स्मार्ट टेलिकमको सम्पत्ति हिनामिना, सरकारको सार्वजनिक खरिदसम्बन्धी प्रणाली अनधिकृत कब्जामा लिई ठेक्का विवरण हेरफेर, पर्यटकको 'फेक रेस्क्यू'लगायत ठूला घोटालामा संलग्न उच्चपदस्थ व्यक्तिलाई पक्राउ गरी अनुसन्धान अघि बढाइरहेको छ। राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता एवं निर्माण व्यवसायी विक्रम पाण्डे, व्यवसायी सुलभ अग्रवाल, दीपक भट्टलगायत विभिन्न अपराधमा संलग्न विशिष्ट व्यक्तिमाथि अनुसन्धान तथा कारबाही प्रक्रिया जारी छ ।

यस्तै पूर्वअर्थमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपाध्यक्ष विष्णु पौडेल पनि सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धानका लागि प्रहरी हिरासतमा हुनुहुन्छ ।

**पूर्वविशिष्टको सम्पत्ति छानबिन सुरु**

चुनावी 'एजेण्डा'का रुपमा मात्रै सीमित पारिएको पूर्वविशिष्ट पदाधिकारीको सम्पत्ति छानबिनलाई वर्तमान सरकारले उच्च प्राथमिकताका साथ अघि बढाएको छ। प्रजातन्त्र पुनर्बहाली पछिका सरकारका प्रधानमन्त्री, मन्त्री र उच्चपदस्थ कर्मचारीका सम्पत्ति छानबिन हुनुपर्ने माग चौतर्फी रुपमा उठिरहेको अवस्थामा सरकारले यसलाई राजनीतिक तथा सुशासनको प्रमुख एजेण्डाका रुपमा अघि बढाएको हो ।

विसं २०७९ को निर्वाचनमा पनि प्रमुख राजनीतिक दलहरुले पूर्वविशिष्ट पदाधिकारीको सम्पत्ति छानबिन गर्ने र स्रोत नखुलेका सम्पत्ति सरकारीकरण गर्ने वाचा गरे पनि सो विषय निर्वाचनपश्चात् गठित सरकारको प्राथमिकतामा परेन ।

राष्ट्रिय स्वतन्त्र पार्टीले चुनावी वाचापत्रमा २०४८ देखि २०८३ सालसम्मको सार्वजनिक पद धारण गरेका पूर्वविशिष्ट पदाधिकारीदेखि सहसचिवसम्मका कर्मचारी सम्पत्ति छानबिन गरिने उल्लेख गरेको थियो । निर्वाचनका क्रममा जनतासमक्ष गरेको वाचालाई पूरा गर्ने ध्येयका साथ सरकारले गत वैशाख २ गते सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीको अध्यक्षतामा सम्पत्ति छानबिन आयोग गठन गरी कार्यप्रारम्भ गरिरहेको छ । आयोगले सम्पत्ति विवरण बुझाउने दायराभित्र परेका पदाधिकारीका सम्पत्तिसम्बन्धी विवरण र उजुरी सङ्कलन गरिरहेको छ। हालसम्म ११ हजार बढीले सम्पत्ति विवरण फारम बुझाइसक्नुभएको आयोगका प्रवक्ता गणेश केसीले जानकारी दिनुभयो । सार्वजनिक पद धारण गरेका पूर्वपदाधिकारीविरुद्ध आयोगमा एक हजारभन्दा बढी उजुरी परेको छ ।

सम्पत्ति विवरण बुझाउने म्याद असार मसान्तसम्म थप गरिएको छ । आयोगले २०४८ देखि २०८३ सालसम्मको कुनै समयावधिमा सार्वजनिक पदधारण गरेका व्यक्तिले पदीय दुरुपयोग गरी अस्वाभाविक कमाइ गरेको देखिए उजुरी गरी छानबिन प्रक्रियामा सहयोग गर्न सम्बद्ध सबैसँग अनुरोध गरेको छ । आयोगले मुलुकमा प्रजातन्त्र पुनःस्थापना भएको करिब ३५ वर्षको अवधिलाई २०६२/६३ देखि २०८२/८३ र २०४८/४९ देखि २०६२/६३ सालसम्म दुई चरणमा विभाजन गरी फाइल तथा उजुरी छानबिन गर्नेछ। वर्तमान सरकारले २०४८ सालपछि सार्वजनिक पदमा रहेका, पदबाट सेवा निवृत्त भएका वा हटिसकेका व्यक्तिको सम्पत्तिको छानबिन गरी प्रतिबेदन बुझाउने कार्यादेशसहित गठन गरेको पाँच सदस्यीय आयोग हाल सम्पत्ति विवरण र उजुरी सङ्कलनमा व्यस्त छ। निर्धारित समयावधिभित्र ४० देखि ५० हजार व्यक्तिको सम्पत्तिको विवरण प्राप्त हुने आयोगले अपेक्षा गरेको छ । सरकारको यस निर्णयसँगै पछिल्लो ३५ वर्षको अवधिमा सार्वजनिक पद धारण गरेका राजपत्राङ्कित विशिष्ट एवं प्रथम श्रेणीका बहालवाला र पूर्वकर्मचारीसहित सो सरहको सेवासुविधा लिएका सार्वजनिक निकायका सबैले विवरण बुझाउनुपर्नेछ ।

**छानबिन गृहमन्त्रीबाटै सुरु**

यसैबीच गृहमन्त्री गुरुङले आफ्नो शेयर र सम्पत्तिलगायत विषयमा जनस्तरबाट प्रश्न उठ्न थालेपछि छानबिन प्रक्रियालाई सहयोग पुर्‍याउने उद्देश्यसहित गत वैशाख ९ गते मन्त्री पदबाट राजीनामा दिनुभयो । सो सम्बन्धमा छानबिन गर्न वैशाख २८ गतेको मन्त्रिपरिषद् बैठकले उच्च अदालतका पूर्वन्यायाधीश अच्युतप्रसाद भण्डारीको अध्यक्षतामा महालेखा नियन्त्रक शोभाकान्त पौडेल र सहन्यायाधिवक्ता अच्युतमणि न्यौपाने सदस्य रहेको अध्ययन तथा छानबिन समिति गठन गरेको थियो ।

समितिले गुरुङका सम्पत्ति र शेयरलगायत विषयमा उठेका सार्वजनिक टिप्पणीप्रति अनुसन्धान गरी सो सम्बन्धमा व्यक्तिगत कमजोरी नभएको व्यहोरासहितको प्रतिवेदन सरकारलाई हस्तान्तरण गरेको थियो। सोही प्रतिवेदनका आधारमा प्रधानमन्त्री शाहले गत जेठ २६ गते गुरुङलाई गृहमन्त्रीमा पुनः नियुक्त गर्नुभएको छ । मन्त्री गुरुङले कानुन कार्यान्वयन, नागरिक गुनासाको शीघ्र सम्बोधन र जेनजी युवाको भावना कार्यान्वयनमा नेतृत्वदायी भूमिका निर्वाह गरिरहनुभएको छ ।

**जेनजी आन्दोलन-जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयनको थालनी**

सरकारले २०८२ भदौ २३ र २४ गतेको प्रदर्शनका क्रममा भएका घटनाका जाँचबुझ गर्न गठित आयोगले पेस गरेको प्रतिवेदन कार्यान्वयन अघि बढाएको छ । सोही क्रममा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकलाई पक्राउ गरी अनुसन्धान अघि बढाइएको थियो ।

सो सम्बन्धमा अनुसन्धान गर्न प्रहरीले गत चैत १४ गते पूर्वप्रधानमन्त्री ओली र पूर्वगृहमन्त्री लेखकलाई पक्राउ गरेको थियो। घटनाका सम्बन्धमा सोधपुछ भइसकेपछि उहाँहरु सर्वोच्च अदालतको आदेशबाट प्रहरी हिरासतमुक्त हुनुभएको हो। यद्यपि, उहाँहरुमाथि अनुसन्धान जारी छ ।

आयोगले ओली र लेखकलाई लापरबाही र हेलचेक्र्याईपूर्ण क्रियाकलाप एवं व्यवहार गरेका कारण मानवीय क्षति भएको भन्दै फौजदारी कसुरमा अनुसन्धान गर्न सिफारिस गरेको थियो । उक्त सिफारिस कार्यान्वयनको चरणमा गएसँगै पीडित परिवारले न्याय प्राप्त गर्ने विश्वास व्यक्त गरेका छन् ।

सोही घटनाका सम्बन्धमा सुरक्षा संयन्त्रको हकमा अध्ययन गरी सिफारिस गर्न सरकारले उच्च अदालतका न्यायाधीश प्रेमराज कार्कीको संयोजकत्वमा पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक टेकप्रसाद राई र सशस्त्र प्रहरीका पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक सुबोधकुमार अधिकारी सदस्य रहेको अध्ययन समिति गठन गरेको छ । समितिले सो सम्बन्धमा अध्ययन गरिरहेको छ ।

सरकार गठन भएकै दिन जारी १०० बुँदे शासकीय सुधारसम्बन्धी कार्यसूचीलाई टेकेर सुशासन कायम गर्ने, भ्रष्टाचार अन्त्य गर्ने, राजनीतिक दबाबका कारण यसअघि अनुसन्धान प्रभावित भएका उच्चपदस्थ संलग्न विभिन्न घोटलाका अनुसन्धान गर्ने, सेवा प्रवाहलाई सरल र सहज बनाउने, जेनजी आन्दोलनको भावना सम्बोधन गर्ने र परिवर्तनका पक्षमा रहेका आमजनताका अपेक्षा पूरा गर्ने दिशामा सरकारको १०० दिन केन्द्रित रहेको देखिन्छ ।

### अनलाइन ठगी हुनबाट बचौं

- **अपरिचित नम्वर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं ।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

**नेपाल सरकार,**
**विज्ञापन वोर्ड**

## नयाँ बसपार्कमा यात्रुलाई सास्ती दिने २३ जना पक्राउ

काठमाडौँ । ट्राफिक प्रहरीले गोंगबुस्थित नयाँ बसपार्कमा यात्रुलाई दुःख हैरानी दिने २३ जनालाई पक्राउ गरेको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयको टोलीले नयाँबसपार्क क्षेत्रमा सार्वजनिक सवारीका यात्रुलाई दुःख हैरानी दिने २३ जनालाई पक्राउ गरेको हो ।

काठमाडौँ महानगरपालिका-२६ स्थित नयाँबसपार्क क्षेत्रमा यात्रु तान्ने, झोला खोस्ने र अनावश्यक हैरानी दिने गरेको जनगुनासोका आधारमा ट्राफिक प्रहरीले पक्राउ गरेको कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिनुभयो । पक्राउ पर्नेमा रुपन्देहीका डोलराज सेन, गोरखाका प्रदीप भुजेल, जुम्लाका लोकदर्शन पाण्डे, बाँकेका सन्देश शाही, बाँकेका मिलन भण्डारी, दाङका रमेश खत्री र विकास घर्ती, रोल्पाका किरण पुन, रुपन्देहीका रोहित विक, कास्कीका सन्तोष शाही, डडेलधुराका शिवराज भट्टराई, मुगुका कविराज रोकाय, दाङका प्रकाश खत्री रहेका छन् ।

रुपन्देहीका रवीन विश्वकर्मा, उदयपुरका जितबहादुर मगर, कैलालीका कृष्णप्रसाद कठरिया, दाङका विजय नेपाली, कैलालीका पदम ओली, दाङका रिजन घर्तीमगर, स्याङ्जाका कमल ज्ञवाली, कैलालीका दिपक न्यौपाने, मनोज साउद र प्रेम विष्ट रहेका छन् । पक्राउ परेकालाई थप अनुसन्धान तथा आवश्यक कानुनी कारबाहीका लागि जिल्ला प्रहरी परिसर, काठमाडौँ पठाइएको प्रवक्ता सुवेदीले बताउनुभयो । नयाँबसपार्क क्षेत्रलाई सुरक्षित र मर्यादित बनाउन तथा यात्रुको सहज आवागमन सुनिश्चित गर्न ट्राफिक प्रहरीले पछिल्लो समय यस्ता अभियान सञ्चालन गर्दै आएको छ ।

## विज्ञापन नीति स्वीकृतः डिजिटल विज्ञापनदेखि डिपफेकसम्म नियमन

काठमाडौँ । विज्ञापन क्षेत्रलाई व्यवस्थित, पारदर्शी, उत्तरदायी र आधुनिक प्रविधि अनुकूल बनाउने उद्देश्यसहित सरकारले 'राष्ट्रिय विज्ञापन नीति, २०८३' स्वीकृत गरेको छ । मन्त्रिपरिषद्को बिहीबार (हिजो) बसेको बैठकले स्वीकृत गरेको उक्त नीतिले परम्परागत सञ्चारमाध्यमसँगै सामाजिक सञ्जाल, डिजिटल प्लेटफर्म, 'इन्फ्लुएन्सर मार्केटिङ' तथा कृत्रिम बौद्धिकता (एआई)को प्रयोगबाट हुने विज्ञापनलाई नियमनको दायरामा ल्याउनुपर्ने आवश्यकता औँल्याएको हो ।

सरकारले विज्ञापन बजारमा बढ्दो अन्तरराष्ट्रिय प्रतिस्पर्धा, बहुराष्ट्रिय कम्पनीको प्रभाव, डिजिटल प्रविधिको तीव्र विस्तार तथा उपभोक्तालाई सही सूचना उपलब्ध गराउने आवश्यकतालाई ध्यानमा राख्दै नयाँ नीति ल्याइएको जनाएको छ । नीतिमा स्थानीय उत्पादनको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि, विज्ञापन क्षेत्रबाट रोजगारी सिर्जना, राजस्व वृद्धि, उपभोक्ताको अधिकार संरक्षण तथा अश्लील, हिंसात्मक, लैङ्गिक विभेद् हुने तथा बालबालिकामाथि नकारात्मक असर पार्ने सामग्री नियन्त्रण गरिने उल्लेख छ । साथै तथ्यहीन र भ्रामक विज्ञापनलाई कारबाहीको दायरामा ल्याउने तथा त्यसबाट उपभोक्तालाई क्षति पुगे क्षतिपूर्तिको व्यवस्था गरिने पनि नीतिमा उल्लेख छ ।

सरकारले आगामी पाँच वर्षभित्र कुल ग्राहस्थ उत्पादन (जिडिपी)मा विज्ञापन क्षेत्रको योगदान उल्लेख्य वृद्धि गर्ने लक्ष्य लिएको छ । विज्ञापन क्षेत्रको विकास तथा विस्तार, व्यवसायलाई स्वच्छ, प्रतिस्पर्धी, मर्यादित र पारदर्शी बनाउने तथा उपभोक्ताले गुणस्तरीय वस्तु तथा सेवा छनोट गर्न पाउने अधिकार सुनिश्चित गर्ने नीति अपनाइएको छ । यसका लागि विज्ञापन बजार विस्तार, सञ्चारमाध्यमको वैज्ञानिक वर्गीकरण, विज्ञापनको प्रभावकारी अनुगमन तथा नियमन, सरोकारवालाबीच समन्वय र संस्थागत संरचना निर्माणलाई प्राथमिकतामा राखिएको छ ।

नीतिअनुसार स्वदेशी वस्तु तथा सेवाको विज्ञापनलाई विशेष सहुलियत प्रदान गर्ने तथा विदेशी वस्तु तथा सेवा बिक्री गर्ने कम्पनीलाई आफ्नो कारोबारको निश्चित हिस्सा उपभोक्ता सचेतना कार्यक्रममा खर्च गर्नुपर्ने व्यवस्था गरिने जनाइएको छ । विज्ञापनमा गरिएको लगानीलाई कर प्रणालीसँग जोड्ने, न्यूनतम मूल्य सार्वजनिक गर्न प्रोत्साहन गर्ने तथा विज्ञापनमा पछि परेका क्षेत्रलाई विशेष प्रोत्साहन उपलब्ध गराउने व्यवस्था पनि गरिने नीतिमा उल्लेख छ । सरकारले विज्ञापनलाई समाचारको रूपमा र समाचारलाई विज्ञापनको रूपमा प्रस्तुत गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने नीति लिएको छ । विज्ञापन दिएको वा नदिएको आधारमा सकारात्मक वा नकारात्मक समाचार प्रकाशन/प्रसारण हुने अवस्थालाई रोक्न आवश्यक कानुनी तथा नियामकीय व्यवस्था गरिने उल्लेख गरिएको छ । त्यस्तै, विज्ञापन खर्चका नाममा अन्य प्रवर्द्धनात्मक खर्च देखाउने अभ्यासलाई पनि अन्त्य गरिने नीति रहेको छ ।

नयाँ नीतिको सबैभन्दा महत्वपूर्ण पक्ष डिजिटल विज्ञापनको नियमन हो । सरकारले सामाजिक सञ्जाल, डिजिटल प्लेटफर्म तथा इन्फ्लुएन्सरमार्फत गरिने विज्ञापनमा अनिवार्य स्वघोषणाको व्यवस्था गर्ने नीति लिएको छ । एआईबाट सिर्जना गरिएका 'डिपफेक' विज्ञापनलाई कानुनी रूपमा नियमन गरिने जनाइएको छ ।

भ्रामक, तथ्यहीन वा उपभोक्तालाई नकारात्मक असर पार्ने विज्ञापनमाथि कडा नियन्त्रण गरिनेछ । उपभोक्तालाई क्षति पुगेमा क्षतिपूर्तिको व्यवस्था गरिनेछ भने उपभोक्ता शिक्षा, जनचेतना तथा विज्ञापनसम्बन्धी तालिमलाई देशव्यापी बनाइने उल्लेख गरिएको छ । विज्ञापनको गुणस्तर कायम गर्न स्वनियमन संयन्त्र, आचारसंहिता र कारबाही प्रणालीलाई प्रभावकारी बनाइने नीति सरकारले अघि सारेको छ ।

नीतिले सामाजिक न्यायलाई पनि विशेष प्राथमिकता दिएको छ । कुनै वर्ग, जातजाति, धर्म, भाषा, संस्कृति, समुदाय वा लिङ्गप्रति विभेद हुने विज्ञापन गर्न नपाइने व्यवस्था गरिनेछ । लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका समुदायको सम्मान हुनेगरी विज्ञापन निर्माण गर्नुपर्ने व्यवस्था गरिएको छ । राष्ट्रिय गान, राष्ट्रिय विभूति तथा धार्मिक सहिष्णुतामाथि आँच पुग्ने विज्ञापन पूर्णरूपमा निषेध गरिने उल्लेख छ । विपद्, शोक वा संवेदनशील अवस्थालाई व्यापारिक प्रयोजनका लागि प्रयोग गर्न पनि रोक लगाइने जनाइएको छ ।

सरकारी विज्ञापन वितरण प्रणालीमा व्यापक सुधार गरिने नीति सरकारले लिएको छ । सरकारी विज्ञापन वितरण तथा भुक्तानी प्रक्रियालाई पारदर्शी बनाउन एकीकृत सूचना व्यवस्थापन प्रणाली विकास गरिनेछ । स्थानीय तथा प्रदेशस्तरका सूचना र विज्ञापन सोही तहका सञ्चारमाध्यममार्फत प्रकाशन तथा प्रसारण गर्ने व्यवस्था गरिनेछ भने जनहितका विज्ञापनलाई समानुपातिक र समन्यायिक ढङ्गले वितरण गरिने नीति छ । स्थानीय भाषा, संस्कृति तथा समुदायमा आधारित सञ्चारमाध्यम संरक्षणका लागि विज्ञापन मार्फत सहयोग गर्ने व्यवस्था मिलाइने भएको छ ।

संस्थागत व्यवस्थाअन्तर्गत सङ्घ, प्रदेश र स्थानीय तहले संयुक्त रूपमा नीति कार्यान्वयन गर्नेछन् । विज्ञापन बोर्डलाई थप स्वायत्त, अधिकारसम्पन्न र स्रोतयुक्त निकायका रूपमा विकास गरिनेछ । प्रदेशमा विज्ञापन अनुगमन तथा नियमन समिति र स्थानीय तहमा पालिका विज्ञापन समिति गठन गर्न सकिने व्यवस्था गरिएको छ । साथै विज्ञापनको अनुगमन, नियमन र स्वनियमनका लागि राष्ट्रिय विज्ञापन परिषद् गठन गरिने नीतिमा उल्लेख छ । विज्ञापन बजारलाई पारदर्शी बनाउन एकीकृत सूचना प्रणाली, सूचना बैङ्क तथा सञ्चारमाध्यमको वर्गीकरण र स्तरीकरणको व्यवस्था गरिनेछ ।

नीति कार्यान्वयनका लागि विज्ञापनसम्बन्धी कानुन, नियमावली, आचारसहिता तथा कार्यविधिमा व्यापक संशोधन गरिनेछ । विज्ञापन कोष स्थापना गरी सरकार, शुल्क, विज्ञापन कारोबार तथा विभिन्न निकायबाट प्राप्त रकम त्यसमा जम्मा गरिने व्यवस्था हुनेछ ।

उक्त कोषबाट विज्ञापन बजार विकास, अनुसन्धान, तथ्याङ्क प्रणाली, सूचना बैङ्क, सञ्चारमाध्यम वर्गीकरण, उपभोक्ता सचेतना तथा विज्ञापन व्यवसायीको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछन् । मन्त्रालयले प्रत्येक वर्ष नीतिको समीक्षा गर्ने र प्रत्येक पाँच वर्षमा नीति पुनरावलोकन गरिने व्यवस्था पनि गरिएको छ । सरकारको यो नीति कार्यान्वयनमा आएपछि नेपालको विज्ञापन बजारमा डिजिटल नियमन, उपभोक्ता संरक्षण, सरकारी विज्ञापन वितरण, सञ्चारमाध्यमको वर्गीकरण, विज्ञापनको पारदर्शिता तथा विज्ञापन उद्योगको संस्थागत विकासमा उल्लेखनीय परिवर्तन आउने अपेक्षा गरिएको छ । विशेषगरी सामाजिक सञ्जाल र कृत्रिम बुद्धिमत्ता मार्फत हुने विज्ञापनलाई पहिलो पटक स्पष्ट रूपमा नियमनको दायरामा ल्याउने व्यवस्थाले विज्ञापन बजारलाई नयाँ ढङ्गले पुनर्संरचना गर्ने आधार तयार गरेको हो ।

## पौडेललाई ६ दिन थुनामा राख्न अनुमति

काठमाडौँ । विशेष अदालतले नेकपा (एमाले) का उपाध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा तेस्रो पटक म्याद थप गरी अनुसन्धान गर्न अनुमति दिएको छ । विशेष अदालतका न्यायाधीशहरू नारायणप्रसाद पौडेल, हेमन्त रावल र उमेश कोइरालाको इजलासले बिहीबार पूर्वअर्थमन्त्री पौडेललाई थप ६ दिन थुनामा राखेर अनुसन्धान गर्न सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई अनुमति दिएको हो । विशेष अदालतले यसअघि उपाध्यक्ष पौडेललाई सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा पहिलो पटक सात दिन, दोस्रो पटक तीन दिन र अहिले तेस्रो पटक ६ दिन थुनामा राखेर अनुसन्धान गर्न अनुमति दिएको हो । आदेशमा भनिएको छ, "सम्पत्ति शुद्धीकरण मुद्दाको अनुसन्धानको क्रममा पक्राउ परेका आरोपी विष्णुप्रसाद पौडेललाई सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट अनुसन्धान प्रयोजनार्थ म्याद थपका लागि पेश भएकामा बिहीबार तेस्रो पटक ६ दिन म्याद थप भएको छ ।" उपाध्यक्ष पौडेललाई यही असार ८ गते सुर्खेतबाट पक्राउ गरी काठमाडौँ ल्याएर अदालतमा उपस्थित गराइएको हो ।

## फोर्स गाडी कर्णालीमा डुब्दा उद्धारमा कठिनाइ

कर्णाली । कर्णाली राजमार्गको दैलेख सडकखण्डमा दुर्घटनाग्रस्त यात्रुवाहक फोर्स गाडी कर्णाली नदीमा डुब्दा उद्धार कार्यमा कठिनाइ भएको छ । नदीमा जलसतह बढेको र गाडी नदेखिने गरी डुबेकाले उद्धार कार्यमा कठिनाइ भएको जिल्ला प्रहरी कार्यालय दैलेखका प्रहरी प्रमुख एवं प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले राससलाई जानकारी दिनुभयो ।

उहाँका अनुसार सुर्खेतबाट कालीकोटतर्फ जाँदै गरेको कप्र ०२-००१ ख १०५५ नम्बरको फोर्स गाडी बिहीबार बिहान ११:३० बजेको समयमा चामुण्डाबिन्द्रासैनी नगरपालिका-७ दैलेखको साङ्तेडास्थित कर्णाली नदीमा खसेको थियो ।

उक्त स्थानबाट नामथर र वतन नखुलेका एक जना पुरुषलाई भिरमा अड्केको अवस्थामा उद्धार गरिएको प्रहरी नायब उपरीक्षक विकले जानकारी दिनुभयो । उद्धारका सामग्रीसहित जिल्लास्थित नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, माथिल्लो कर्णाली जलविद्युत् आयोजना सुरक्षा बेसका जनशक्तिले संयुक्त रूपमा खोज उद्धारको कार्य गरिरहेका उहाँले बताउनुभयो ।

प्रहरी नायब उपरीक्षक विकका अनुसार कर्णाली प्रदेश प्रहरी कार्यालयका प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक जयराज सापकोटासहित गोताखोरको टोली सुर्खेतबाट घटनास्थलतर्फ हिँडिसकेको छ । सुर्खेत बसपार्कबाट आज बिहान ८:०० बजेट छुट्दा पाँच जना सवार रहेको भनिए पनि गाडीमा कति जना थिए भन्ने यकीन नभएको उहाँले बताउनुभयो ।

उहाँका अनुसार गाडी ४०० मिटर तल खस्दा कर्णाली नदीमा डुबेको अनुमान गरिएको छ । गाडी डुबेको स्थान प्रहरीचौकी दैलेख पाल्तडाबाट तीन किलोमिटर उत्तरतर्फ र जिप्रका दैलेखबाट ५० किलोमिटर पश्चिमतर्फ पर्दछ । भौगोलिक अवस्था जटिल भएकाले घटनास्थलका बारेमा थप विवरण आउन समय लाग्ने प्रहरीले जनाएको छ ।

## मधेस प्रदेशसभाको बैठक स्थगित

जनकपुरधाम । दलहरूबीच सहमति हुन नसक्दा मधेस प्रदेशसभाको बैठक अन्यौलमा परेको छ । बुधबार दिउँसो १:०० बजेका लागि आह्वान गरिएको प्रदेशसभाको बैठक प्रतिपक्षी दलको अवरोधका कारण बसेको केहीबेरमै स्थगित भएको थियो ।

प्रदेश सरकारले प्रदेशसभामा यही असार १ गते प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८३/८४ का लागि विनियोजन विधेयकमा व्यापक त्रुटी रहेकाले संशोधन गर्न माग गर्दै प्रमुख प्रतिपक्षीदल जनता समाजवादी पार्टी (जसपा), नेपाल र जनमत पार्टीले बैठक अवरुद्ध गरेको हो ।

अवरुद्ध बैठक सञ्चालन गर्न सभामुख रामअशिष यादवको पहलमा सत्तापक्षी र प्रतिपक्षीय दलका नेताहरूबीच बुधवारदेखि छलफल भइरहेपनि सहमति जुट्न नसक्दा बैठक अन्यौलमा परेको हो । बैठकलाई नियमित रूपमा सञ्चालन गर्ने विषयमा छलफल जारी रहेको र सहमति भएपछि बैठक सञ्चालन हुने प्रदेशसभा सचिवालयका सचिव बासुप्रसाद कोइरालाले जानकारी दिनुभयो ।

बुधबार बसेको बैठकको सुरुमा प्रतिपक्षी दुवै दलका प्रदेशसभा सदस्यहरूले सरकार आफ्नै नीति तथा कार्यक्रममार्फत घोषणा गरेको विषयलाई बेवास्ता गर्दै साना र टुक्रे योजनामा बजेट विनियोजन गरेको तथा बजेटमा प्रतिपक्षमाथि विभेद् गरिएकाले त्यसलाई संशोधन नगरेसम्म बैठक सञ्चालन हुने नदिने अडान लिएपछि सभामुख यादवले बैठक १० मिनेटका लागि स्थगित गर्नुभएको थियो । मधेस प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि रु ४१ अर्ब १३ करोड ८६ लाख बजेट विनियोजन गरेको छ । मधेस प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले प्रदेशसभाको बैठकमा आगामी आव २०८३/८४ मा कृषि नवप्रर्तन, उद्यम-शीलता प्रवर्द्धन, शिक्षा, स्वास्थ्यलाई प्राथमिकतामा राख्दै रु ४१ अर्ब १३ करोड ८६ लाखको बजेट प्रस्तुत गर्नुभएको थियो ।

## शिक्षामन्त्री समक्ष नवनियुक्त अध्यक्ष थापाको शपथ

काठमाडौँ । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले त्रिभुवन विश्वविद्यालय (त्रिवि) सेवा आयोगको नवनियुक्त अध्यक्ष किशोर थापालाई पद तथा गोपनीयताको शपथ गराउनुभएको छ ।

सिंहदरबारस्थित मन्त्रालयमा बिहीबार विश्वविद्यालयका सहकुलपतिसमेत रहनु भएका शिक्षामन्त्री पोखरेलले त्रिवि सेवा आयोगको अध्यक्ष पदमा नियुक्त हुनुभएका थापालाई शपथ गराउनुभएको हो । प्रधानमन्त्री तथा त्रिभुवन विश्वविद्यालयका कुलपति वालेन्द्र शाहले नेपाल सरकारका पूर्वसचिव तथा वरिष्ठ सहरी योजनाविद् थापालाई सेवा आयोगको अध्यक्षमा नियुक्त गर्नुभएको हो ।

शिक्षामन्त्री पोखरेलको उपस्थितिमा सेवा आयोगको नवनियुक्त सदस्य प्रा डा रेजिना मास्केलाई त्रिवि सेवा आयोगका अध्यक्ष थापाले पद तथा गोपनीयताको शपथ गराउनुभयो ।

शपथपछि संक्षिप्त प्रतिक्रिया दिँदै अध्यक्ष थापाले त्रिवि सेवा आयोगको जिम्मेवारी निर्भीकता, निष्पक्षता र इमानदारिताका साथ निर्वाह गर्दै त्रिविमा कार्यरत प्राध्यापक तथा कर्मचारीको वृत्ति विकास, पेसागत दक्षता अभिवृद्धि र विश्वविद्यालयको संस्थागत सुधारमा काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

अध्यक्ष थापाले २१औं शताब्दीको नयाँ चुनौतीको सामना गर्न विश्वविद्यालयको श्रीवृद्धिमा अहोरात्र खटिने विश्वास व्यक्त गर्नुभयो । नयाँ नियुक्तिले आयोगलाई प्रभावकारी, पारदर्शी र योग्य जनशक्तिमैत्री बनाउने विश्वास गरिएको छ ।

सहकुलपति रहनुभएका मन्त्री पोखरेलको नेतृत्वमा गठित सिफारिस समितिले सेवा आयोग अध्यक्ष पदका लागि प्राप्त आवेदनको अध्ययन, मूल्याङ्कन तथा अन्तर्वार्तापछि तीन जनाको नाम कुलपतिसमक्ष सिफारिस गरेको थियो ।

सिफारिस समितिले गत जेठ महिनामा सेवा आयोग अध्यक्ष पदका लागि इच्छुक योग्य व्यक्तिहरूबाट आवेदन आह्वान गरेको थियो । निर्धारित प्रक्रियाअनुसार प्राप्त आवेदनको योग्यता, अनुभव, नेतृत्व क्षमता तथा कार्य सम्पादनको मूल्याङ्कन गरी योग्य उम्मेदवारको नाम सिफारिस गरिएको थियो । आर्किटेक्ट तथा सहरी योजनाविद्का रूपमा परिचित अध्यक्ष थापाले नेपाल सरकारको निजामती सेवामा चार दशकभन्दा बढी समय विभिन्न जिम्मेवारीमा रही योगदान दिनुभएको छ । उहाँ सहरी विकास मन्त्रालय, शिक्षा मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, जल तथा ऊर्जा आयोग सचिवालय लगायतका निकायमा सचिव हुनुहुन्यो । नेपाल पर्यटन वर्ष २०११ लगायतका महत्वपूर्ण सरकारी नीति तथा कार्यक्रमको निर्माण र कार्यान्वयनमा नेतृत्वदायी भूमिका निर्वाह गरिसक्नुभएको छ ।

## स्वदेशमै रोजगार सिर्जना गर्न मन्त्री यादवको जोड

काठमाडौँ । युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले वैदेशिक रोजगार व्यवस्थित बनाउँदै स्वदेशमै रोजगार सिर्जना गर्नु मन्त्रालयको आगामी मुख्य कार्यदिशा रहेको बताउनुभएको छ ।

मन्त्रालयमा बिहीबार आयोजित कार्यक्रममा मन्त्री यादवले युवा उद्यमी र व्यवसायीको सहयोगीका रुपमा मन्त्रालयले भूमिका खेल्ने बताउनुभयो । उहाँले वैदेशिक रोजगारबाट फर्किएर स्वदेशमै उद्यम गर्दै आएका उद्यमीलाई पुरस्कृत र सम्मानसमेत गर्नुभयो ।

मोरडस्थित प्रशंसा 'हनि' फर्मका सञ्चालक लोकबहादुर राईलाई यस वर्षको उत्कृष्ट उद्यमी राष्ट्रिय पुरस्कार प्रदान गरिएको छ भने अन्य ६ जनालाई उद्यमी राष्ट्रिय पुरस्कार प्रदान गरिएको छ ।

कतारमा रोजगार गरी स्वदेश फर्केर मौरीपालन गर्दै उद्यमीका रुपमा स्थापित हुनुभएका राईले उद्यम यात्राको अनुभव सुनाउनुभयो । उहाँले मेहनत भए आफ्नै देशमा आम्दानी गर्न सकिने विश्वास व्यक्त गर्नुभयो ।

यसैगरी, झापाका मनिका राई, सप्तरीका देवलाल यादव, सिन्धुलीका यमकुमार गोले, पर्वतका शिवकुमार क्षेत्री, अर्घाखाँचीका दिनेश खत्री र बाजुराका कर्मराज मल्लले उद्यमी राष्ट्रिय पुरस्कार प्राप्त गर्नुभयो ।

उक्त कार्यक्रममा मन्त्रालयले बालश्रममुक्त घोषणा भएका १३ स्थानीय तहलाई सम्मान गरिएको थियो । काठमाडौँको चन्द्रागिरि नगरपालिका, म्याग्दीको रघुगङ्गा गाउँपालिका, रोल्पाको त्रिवेणी गाउँपालिका, कपिलवस्तुको बुद्धभूमि नगरपालिका र बाणगङ्गा नगरपालिका, इलामको सूर्योदय नगरपालिका, तनहुँको म्याग्दे गाउँपालिका, भोजपुरको पौवादुङमा गाउँपालिका, बागलुङ्गको बरेङ गाउँपालिका, स्याङ्जाको बिरुवा गाउँपालिका र फेदीखोला गाउँपालिका, काभ्रेपलाञ्चोकको पनौती नगरपालिका तथा हुम्लाको खार्पुनाथ गाउँपालिकाका प्रमुखले सम्मान र प्रशंसापत्र ग्रहण गर्नुभयो ।

मन्त्रालयले रोजगार श्रमिकको मापदण्ड पूरा गरेका ६ व्यवसायी प्रतिष्ठानलाई सम्मान गरेको छ । सम्मानित हुनेमा नवजीवन अस्पताल प्राली, होङ्सी शिवम् सिमेन्ट, पूर्वी नवलपरासी, अम्बे स्टिल लिमिटेड, एशियन पेन्ट्स नेपाल, मारुती सिमेन्ट लिमिटेड, मैनावती स्टिल इन्डस्ट्रिज लिमिटेड रहेका छन् । कार्यक्रममा मन्त्रालयका सचिव डा दीपक काफ्लेले श्रमिकको हकहित संरक्षण, रोजगार वातावरण सिर्जना र बालश्रममुक्त समाज निर्माण गर्न मन्त्रालयले सधैँ प्रभावकारी भूमिका निर्वाह गर्न तत्पर रहँदै आएको बताउनुभयो । उहाँले यी तीन पक्ष एकअर्काकामा अन्तर सम्बन्धित भएकाले सुधारका कार्यक्रमलाई निरन्तरता दिनुपर्ने धारणा राख्नुभयो ।

## राजविराज-भारदह सडक अलपत्र

राजविराज । राजविराज-भारदह सडक निर्माण अलपत्र परेको छ ।

उक्त सडक निर्माणको जिम्मा लिएको शाह इन्जिनियरिङ कन्स्ट्रक्सनले निर्माण पूरा नगरिदिएकाले सडक अलपत्र परेका हो ।

निर्माण कार्य पूरा नभएपछि अलपत्र पारिएको सो सडकबाट निस्कने धुलो र दैनिक सञ्चालन हुने सार्वजनिक यातायातले छोड्ने धुवाँका कारण स्थानीयले दैनिक हैरानी खेप्नुपरेको छ ।

झलहीदेखि हनुमाननगर कङ्कालिनी नगरपालिकाको इनर्वासम्मको आठ किलोमिटर सडक ठेकेदारले भताभुङ्ग छोडिदिएका कारण धुलोबाट सर्वसाधारण हैरानी भएका हुन् । "राजविराज-भारदह सडकखण्डको ठेक्का लागेको लामो भए पनि निर्माण कार्यले गति लिन सकेको छैन । सडक खनेर छाडिएको छ", राजविराज नगरपालिका-११ स्थित झलहीका श्रवण यादवले गुनासो गर्नुभयो

उहाँ भन्नुहुन्छ, "राजविराजबाट पूर्वतर्फ विराटनगर र धरान जानका लागि यही राजविराज-भारदह सडक मुख्य बाटो भएकाले खनिएको सडकमा दैनिक चल्ने सवारीसाधनका कारण सडकमा हिँड्नेदेखि साइकलयात्री तथा सर्वसाधारणलाई मर्का परेको छ ।" सडक डिभिजन कार्यालय लहानमार्फत रु २२ करोड ५३ लाख लागतमा ठेक्का सम्झौता भएको उक्त सडक निर्माणको म्याद पटकपटक थपिँदै आएको छ ।

## बहुउपयोगी बिरुवा वितरण अभियान सुरु

सिद्धार्थनगर (भैरहवा) । डिभिजन वन कार्यालय रुपन्देहीले वातावरण संरक्षण, हरियाली प्रवर्द्धन तथा फलफूल उत्पादनलाई प्रोत्साहन गर्ने उद्देश्यले विभिन्न प्रजातिका फलफूल तथा मसलाजन्य बिरुवा वितरण अभियान सुरू गरेको छ ।

सो कार्यालयले जिल्लावासीको मागलाई दृष्टिगत गरी आँप, लिच्ची, अमला, जामुन, अम्बा, तेजपत्ता, सहजनलगायत फलफूल तथा बहुउपयोगी बिरुवा निःशुल्क रुपमा वितरण सुरु गरको हो ।

जिल्ला वन कार्यालय, रुपन्देहीका प्रमुख प्रवीण विडारीले यसअघिका वर्षमा जस्तै मनसुन सुरु भएसँगै स्थानीय तह, विद्यालय, सामुदायिक वन तथा विभिन्न सङ्घसंस्था र जिल्लावासीको मागअनुसार निःशुल्क रुपमा बिरुवा वितरण सुरु गरिएको बताउनुभयो । प्रमुख जिल्ला वन अधिकृत विडारीले भन्नुभयो, "जिल्लावासीको मागअनुसार हामी आफैँले तयार गरेको बिरुवा बाँड्नेक्रम सुरु भएको छ । वितरण अभियान असार महिनाभरसम्म चल्नेछ । वन प्राविधिकको अगुवाइमा तयार गरिएका गुणस्तरीय एवं उन्नत जातका बिरुवा रोपी हेरचाहसहित लाभान्वित हुन अनुरोध छ ।"

वरिष्ठ वन अधिकृत हेमराज शाहीले मनसुन सुरु भएसँगै वन संरक्षणसँगै निजी तथा सार्वजनिक जग्गामा वृक्षरोपण विस्तार गरी जिल्लालाई हरभरा बनाउन, वातावरणीय सन्तुलन कायम गरी स्वच्छ तुल्याउन, अत्यधिक गर्मीबाट जोगाउन, जैविक विविधताको संरक्षण तथा पोषणयुक्त फलफूल उत्पादनमा सहयोग पुर्‍याउन बिरुवा वितरण अभियान सुरु गरिएको स्पष्ट गर्नुभयो ।

## आम सञ्चारमाध्यमले समावेशी मुद्दा प्राथमिकतामा राख्नुपर्ने

काठमाडौँ । आमसञ्चारमाध्यमले सामाजिक उत्तरदायित्वको रुपमा समावेशी मुद्दालाई प्राथमिकताका साथ स्थान दिनुपर्नेमा अधिकारकर्मी र सञ्चारकर्मीको जोड छ ।

सूचना तथा सञ्चार मन्त्रालयको सहयोगमा एकता फाउण्डेशनद्वारा यहाँ बिहीबार आयोजित 'समावेशी पत्रकारिताः सीप, क्षमता र सहकार्य' विषयक अन्तरक्रिया कार्यक्रममा सहभागी अधिकारकर्मी र सञ्चारकर्मीले समावेशी पत्रकारिताको आवश्यकता औँल्याउनु भएको हो ।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घका उपाध्यक्ष नितु पण्डितले समावेशी पत्रकारितामा भौतिक उपस्थिति मात्रै नभई समानताका पक्षमा प्राथमिकता दिने सम्पादकीय दृष्टिसमेत आवश्यक रहेको बताउनुभयो । उहाँले पछिल्लो समय पत्रकारिताको सामाजिक उत्तरदायित्व नै कमजोर हुँदै गएको अवस्था चित्रण गर्दै सिमान्तकृत दलित, महिला, जनजाति, लैङ्गिक अल्पसङ्ख्यकलगायत समुदायको आवाज नै आमसञ्चार हुनुपर्ने धारणा राख्नुभयो ।

"मिडिया समाज रुपान्तरणको आधार हो", उपाध्यक्ष पण्डितले भन्नुभयो, "आवाजविहीनको आवाज बन्नुपर्छ, त्यो मिडियाको कर्तव्य हो ।" त्यस्तै, लेखक एवं अधिकारकर्मी जेबी विश्वकर्माले समावेशी पत्रकारिताको आवश्यकता र महत्वका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

सो क्रममा उहाँले आमसञ्चार माध्यमले समाजका पिँधमा परेका समुदायको आवाज उठाउँदा अब परम्परागत शैली फेरेर प्रभावकारी र रचनात्मक शैली अपनाउनुपर्ने बताउनुभयो । एकता फाउण्डेशनका अध्यक्ष रामहरि शाही समुन्द्रीले समावेशी मुद्दा कुनै निश्चित समुदायको मात्रै नभई समग्र सभ्य राष्ट्र निर्माणको आधार रहेको बताउनुभयो । यसका लागि मिडियाले समाज रुपान्तरणको मिसन पत्रकारिताका रुपमा समावेशी विषयमा समाचार सम्प्रेषणमा जोड दिनुपर्ने उल्लेख गर्नुभयो ।

## गाउँमै फिजियोथेरापी सेवाले बिरामीलाई सहज

ढोरपाटन । स्थानीय काठेखोला गाउँपालिका-८ लेखानीस्थित लेखानी स्वास्थ्य चौकीले फिजियोथेरापी सेवा दिन थालेको छ । ग्रामीण क्षेत्रका नागरिकलाई बजारमा पुगेर फिजियोथेरापी सेवा लिन सास्ती हुने भएकाले स्वास्थ्य चौकीमै सेवा दिन थालेको हो ।

स्थानीयले देश तथा विदेशबाट दाता खोजेर स्वास्थ्य चौकीमै उक्त सेवा दिन थालेपछि बिरामीलाई बागलुङ बजार धाउन पर्ने बाध्यता हटेको छ । रु ३७ लाखको लगानीमा वडा कार्यालयले तीन कोठाको भवन निर्माण गरी उक्त सेवा सञ्चालन गरेको स्वास्थ्य चौकी प्रमुख लक्ष्मीप्रसाद निउरेले जनाकारी दिनुभयो । उक्त भवनमा फिजियोथेरापीसँगै किशोरकिशोरीमैत्री सेवा र स्तनपान कक्ष राखिएको छ ।

अहिले स्वास्थ्य चौकीमै भएका जनशक्तिबाटै सेवा सञ्चालन हुँदै आएको छ । हाल स्वास्थ्य चौकीमा दुई जना स्वास्थ्यकर्मी अपुग रहेको प्रमुख निउरेले बताउनुभयो । हरेक दिन पाँच जनाको हाराहारीमा फिजियोथेरापी गराउनुपर्ने नशासम्बन्धी रोगका बिरामी आउने गरेको स्वास्थ्यबाट थाहा भएको छ ।

निउरेले भन्नुभयो, "गाउँबाट बागलुङ बजार पुगेर फिजियोथेरापी गराउन सजिलो छैन, हालै यो सुविधा दिने थालेका हौँ, स्वास्थ्य चौकीमा दैनिक ३० जना बिरामी आउँ छन्, त्यसमध्ये पाँच/सात जना त फिजियोथेरापी गराउने हुन्छन् ।" स्वास्थ्य चौकीबाट विद्यालय तहमा पढ्ने किशोरकिशोरीमा आउने शारीरिक परिवर्तन सँगै पर्ने समस्या, यौनरोग, किशोरीका लागि आइरन चक्की खुवाउने, महिनावारीका कारण आउने समस्या जस्ता विषयमा यहाँ परामर्श र औषधि वितरण गर्दै आएका छ । त्यसबाहेक किशोरकिशोरीको शरीरमा हेमोग्लोबिनको जाँच पनि गर्ने प्रमुख निउरे बताउनुहुन्छ ।

स्थानीय मनिकला छन्त्यालले गाउँमै फिजियोथेरापी सेवा पाएपछि सदरमुकाम बागलुङ बजार जानुपर्ने बाध्यता हटेको बताउनुभयो । हरेक वर्ष दुई हजार ६०० को हाराहारीमा बिरामीले सेवा लिने गरेको उक्त केन्द्रबाट चालु आर्थिक वर्षको हालसम्म दुई हजार ५०० बढी बिरामीले त्यहाँबाट स्वास्थ्य परीक्षण गराइ सकेका छन् ।

## बडिगाड आधारभूत अस्पतालमा डायलाइसिस सेवा

गलकोट (बागलुङ), १८ असारः यहाँस्थित बडिगाड आधारभूत अस्पतालले सोमबारदेखि डायलाइसिस सेवा सुरु गरेको छ ।

सङ्घीय सरकारले प्रदान गरेका पाँच थान रक्त शुद्धीकरण उपकरण प्राप्त गरेपछि, मिर्गौला फेल भएका बिरामीलाई सो सेवा दिन थालिएको बडिगाड गाउँपालिकाका अध्यक्ष गण्डकी थापा अधिकारीले जानकारी दिनुभयो ।

गाउँपालिका र सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र भक्तपुरबीच सम्झौता भएपछि उक्त उपकरण प्राप्त भएको थियो । यसअघि त्यस क्षेत्रका मिर्गौला रोगीले डायलाइसिस सेवाका लागि धौलागिरि प्रादेशिक अस्पताल तथा अन्य स्थानमा जानुपर्ने बाध्यता थियो । डायलाइसिस सेवा सञ्चालन भएबाट गाउँपालिकासहित बागलुङको पश्चिमी क्षेत्र, गुल्मी तथा आसपास जिल्लाका मिर्गौला रोगी लाभान्वित हुने भएका छन् ।

मध्यपहाडी पुष्पलाल लोकमार्ग नजिकै रहेको बडिगाड आधारभूत अस्पतालले उक्त सेवा दिन थालेपछि राजमार्गमा हुने दुर्घटनाका बिरामीलाई उपचार सेवामा टेवा मिल्ने भएको छ ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बडिगाड आधारभूत अस्पताललाई आवश्यक प्रक्रिया पूरा गरी प्रदेश सरकारको मातहतमा ल्याउन सकिने बताउनुभयो ।

## दुई लाखभन्दा बढी बाख्रालाई पिपीआर खोप


चितवन । जिल्लामा पालिएका दुई लाख २० हजार बाख्रालाई पिपीआर विरुद्धको खोप लगाईएको छ ।

मोरडिली भाइरसका कारण उक्त रोग लाग्ने पशुसेवा कार्यालय चितवनका प्रमुख डा प्रभात न्यौपानेले जानकारी दिनुभयो ।

जिल्लामा अहिले तीन लाख बाख्रा पालिएको अनुमान गरिएको छ । पशुचिकित्सक न्यौपानेका अनुसार, उक्त रोग लागेका बाख्रामा उच्च ज्वरो आउने, मुखमा घाउ हुने, झाडापखाला लाग्ने, नाक-आँखाबाट सिँगान बग्ने, निमोनिया भए जस्तो हुने, सास फेर्न कठिन हुने, खान मन नलाग्न जस्ता लक्षण देखिन्छ ।

सुरुमा ३ देखि ५ दिनमा लक्षण देखिने र ७ देखि १० दिनभित्र बाख्रा मर्न सक्ने हुन सक्छ । त्यस रोगबाट सङ्क्रमितमध्ये ५० देखि ९० प्रतिशतसम्म बाख्रा मर्ने सक्ने अनुमान गर्न सकिने चिकित्सक बताउँछन् ।

कार्यालयले हरेक वर्ष बाख्रामा त्यस रोग विरुद्धको खोप दिँदै आएको छ । रोगी बाख्रा-खसीको जुत्तोबाट, रोगी बाख्राको नाकबाट निस्कने सिँगानबाट, आँखाबाट निस्कने आँसुको माध्यमबाट, रोगी बाख्राले खोक्दा र हाच्छिउँ गर्दा हावामा मिसिने मसिना कणमा भएका विषाणुबाट सङ्क्रमण फैलिन्छ । खानेपानी, दाना हाल्ने डुँड र प्रयोग गरिएको सोतर सङ्क्रमण



फैलिने उहाँले बताउनुभयो । व्यावसायीक रुपमा बाख्रापालन गर्ने किसानलाई जैविक सुरक्षाको विधि अवलम्बन गर्न पनि चिकित्सकहरुले सुझाव दिनुभएको छ । पिपीआर रोगले मरेका पशुलाई खाल्टो खनेर गाड्न र रोगी बाख्रासँग लसपस भएका सरसामान जलाएर नष्ट गर्नु उपयुक्त हुने चिकित्सकको सल्लाह छ । त्यस रोगबाट बचाउन तीन महिना उमेर पुगेका सम्पूर्ण स्वस्थ भेडाबाख्रालाई प्रत्येक दुई वर्षमा उक्त रोग विरुद्ध खोप लगाउन सुझाव छ ।

## प्रतिनिधिसभाः सहकारी (पहिलो संशोधन) विधेयक पारित

काठमाडौँ । प्रतिनिधिसभाको बिहीबारको बैठकबाट 'सहकारी (पहिलो संशोधन) विधेयक, २०८३' पारित भएको छ ।

अध्यादेशलाई विस्थापन गर्न ल्याइएको सो विधेयकमाथिको छलफल र सम्बन्धित मन्त्रीको जवाफपछि विधेयक निर्णयार्थ प्रस्तुत हुँदा बहुमतले पारित भएको हो । छलफलमा उठेका प्रश्नमाथि जवाफ दिँदै भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले सम्पति शुद्धीकरणका सम्बन्धमा नेपाल विश्वस्तरमा 'ग्रे लिष्ट'मा परेका सन्दर्भमा यो बेग्लै विधेयक झन् आवश्यक भएको बताउनुभयो । उहाँले आगामी विधेयक ल्याउँदा प्राप्त सुझावलाई समेटने प्रतिबद्धता व्यक्त गर्नुभयो । छलफलमा संशोधनकर्ता सांसदहरू आरेन राई, गणेशबहादुर विश्वकर्मा, गङ्गालक्ष्मी अवाल, बुद्धिप्रसाद



पन्त, पार्वती विक, प्रकाशचन्द्र परिवार, नरेन्द्रकुमार केरुङ, बासना थापा, साजिदा खातुन सिद्दिकी, गणेश पौडेल, रेखाकुमारी यादव, नीता घतानीलगायतले भाग लिनुभयो । सांसदहरूले बचतकर्ताको रकम सरकारले नभई सम्बन्धित सहकारीले फिर्ता दिनुपर्ने, सहकारीलाई जुन स्थानीय तहमा दर्ता गरिएको हो, त्यही तहमा मात्रै काम गर्न पाउने क्षेत्राधिकार दिनुपर्ने र नियमनका लागि एकै केन्द्रीय निकाय हुनुपर्नेमा जोड दिनुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com